
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६८/६९ को वार्षिक तथ्याङ्कमा आधारित)*


## वास्तविक क्षेत्र

### कुल गार्हस्थ उत्पादन

१. आर्थिक वर्ष २०६८/६९ मा मुलुकको यथार्थ कुल गार्हस्थ उत्पादन आधारभूत मूल्य र उत्पादकको मूल्य दुवैमा ४.६ प्रतिशतले वृद्धि भएको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ३.८ प्रतिशत र ३.९ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कृषि तथा सेवा क्षेत्रको वृद्धिदरमा केही सुधार आएतापनि उद्योग क्षेत्रको वृद्धिदरमा संकुचन आएको अनुमान छ ।




२. समीक्षा वर्षमा कृषि तथा गैर-कृषि क्षेत्रको वृद्धिदर क्रमशः ४.९ प्रतिशत र ४.३ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष कृषि क्षेत्र ४.५ प्रतिशतले र गैर-कृषि क्षेत्र ३.४ प्रतिशतले वृद्धि भएको थियो ।




३. समीक्षा वर्षमा मौसमी अनुकूलता साथै रासायनिक मल, उन्नत बीउ-विजन तथा प्रविधिको प्रयोगमा भएको विस्तारका कारण समग्र कृषि क्षेत्रको वृद्धिदरमा सुधार आएको हो । समीक्षा वर्षमा प्रमुख खाद्यान्न बालीहरुमध्ये धानको उत्पादन १३.७ प्रतिशतले र मकैको उत्पादन ११.५ प्रतिशतले वृद्धि भएको अनुमान छ । त्यसैगरी, समीक्षा वर्षमा फलफूल उत्पादन ५.१ प्रतिशतले, मासु तथा दूध उत्पादन ३.० प्रतिशतले र अन्य पशुजन्य उत्पादन ६.० प्रतिशतले वृद्धि भएको अनुमान छ ।

४. समीक्षा वर्षमा उद्योग क्षेत्र १.७ प्रतिशतले मात्र वृद्धि भएको अनुमान छ । खासगरी, विद्युत् एवम् इन्धनको अपर्याप्त आपूर्ति लगायत अन्य संरचनागत अवरोध (Structural Bottlenecks) का कारण उद्योग क्षेत्रको वृद्धिदरमा संकुचन आएको हो । अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर २.९ प्रतिशत रहेको थियो ।

५. समीक्षा वर्षमा सेवा क्षेत्र ५.१ प्रतिशतले वृद्धि भएको अनुमान छ, जुन अघिल्लो वर्ष ३.६ प्रतिशतले मात्र वृद्धि भएको थियो । होटल तथा रेष्टुरेन्ट, यातायात, भण्डारण तथा संचार, स्वास्थ्य तथा सामाजिक सेवा जस्ता उप-क्षेत्रहरुमा आएको विस्तारका कारण समीक्षा वर्षमा समग्र सेवा क्षेत्रको वृद्धिदरमा सुधार आएको हो ।

## उपभोग, वचत तथा लगानी

६. आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोग तथा कुल वचतको अनुपात क्रमशः ९०.० र १०.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात क्रमशः ९१.४ प्रतिशत तथा ८.६ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल लगानीको अनुपात ३२.८ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्ष ३२.५ प्रतिशत रहेको थियो ।

## कुल राष्ट्रिय खर्चयोग्य आय

७. आर्थिक वर्ष २०६८/६९ मा कुल राष्ट्रिय खर्चयोग्य आय (Gross National Disposable Income) १७.२ प्रतिशतले वृद्धि भएको अनुमान छ । अघिल्लो वर्ष यस्तो आय १३.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय खर्चयोग्य आयको अनुपात १२६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात १२३.० प्रतिशत रहेको थियो ।

## पर्यटक आगमन

८. अघिल्लो वर्ष हवाई मार्गबाट ५ लाख ७ सय ५० पर्यटकले नेपाल भ्रमण गरेकोमा आर्थिक वर्ष २०६८/६९ मा यो संख्या १८.९ प्रतिशतले वृद्धि भई ५ लाख ९५ हजार २ सय ६२ पुगेको छ, जसमध्ये भारतीय पर्यटकको अंश २८.३ प्रतिशत तथा अन्य मुलुकबाट आउने पर्यटकको अंश ७१.७ प्रतिशत रहेको छ ।

९. पर्यटक आगमनलाई देशगत रुपमा विश्लेषण गर्दा भारतीय पर्यटकको संख्या अघिल्लो वर्ष ४१.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा ३०.० प्रतिशतले वृद्धि भई १ लाख ६८ हजार ५ सय ९४ पुगेको छ । त्यसैगरी, तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या अघिल्लो वर्ष १६.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा १५.३ प्रतिशतले वृद्धि भई ४ लाख २६ हजार ६ सय ६८ पुगेको छ ।

**तालिकाः १**
**हवाईमार्गबाट नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरुको संख्या**

| विवरण | आगमन संख्या | | | प्रतिशत परिवर्तन | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६७/६८ | २०६८/६९ | २०६८/६९ |
| भारत | ९२,७४८ | १,३०,७१७ | १,६८,५९४ | ४०.९३ | २८.९८ | २८.३२ |
| अन्य मुलुक | ३,१९,०१९ | ३,७०,०३३ | ४,२६,६६८ | १६.०० | १५.३० | ७१.६८ |
| कुल | ४,११,७६७ | ५,००,७५० | ५,९५,२६२ | २१.६१ | १८.८७ | १००.०० |

*स्रोत : नेपाल पर्यटन बोर्ड*

## वैदेशिक लगानी

१०. खासगरी मुलुकको विद्यमान राजनैतिक संक्रमणकालीन अवस्थामा अपेक्षित सुधार हुन नसकेको कारण समीक्षा वर्षमा वैदेशिक लगानीको प्रतिबद्धतामा केही कमी आएको छ । समीक्षा वर्षमा उद्योग विभागले रु. ७ अर्ब १४ करोडको वैदेशिक लगानी प्रतिबद्धता भएका कुल २२७ वटा विदेशी संयुक्त लगानीका कम्पनीहरु स्थापना गर्न स्वीकृति प्रदान गरेको छ । विभागले अघिल्लो वर्ष रु. १० अर्ब ५ करोडको वैदेशिक लगानी प्रतिबद्धता भएका कुल २०९ वटा यस्ता कम्पनीहरु स्थापना गर्न स्वीकृति दिएको थियो । समीक्षा वर्षमा दर्ता भएका कुल २२७ वटा परियोजनाहरुमध्ये सेवा सम्वन्धी १०६, पर्यटन सम्वन्धी ६४, उत्पादन सम्वन्धी ३१, कृषि सम्वन्धी १५, खानी सम्वन्धी ७ र उर्जा सम्वन्धी ४ वटा रहेका छन् । अघिल्लो वर्ष स्वीकृत भएका यस्ता परियोजनाहरुमध्ये सेवा सम्वन्धी ८८, पर्यटन सम्वन्धी ४७, उत्पादन सम्वन्धी ३९, कृषि सम्वन्धी २३, उर्जा सम्वन्धी ६, खानी सम्वन्धी ५ र निर्माण सम्वन्धी १ वटा परियोजना रहेका थिए । अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा सेवा तथा खानी सम्वन्धी परियोजनाहरुको संख्या तथा लगानी रकम दुवैमा वृद्धि भएको छ भने कृषि तथा उत्पादन सम्वन्धी परियोजनाहरुको संख्या तथा लगानी रकम दुवैमा गिरावट आएको छ ।

११. आर्थिक वर्ष २०६८/६९ मा वैदेशिक लगानीका परियोजनाहरुको संख्यामा अघिल्लो वर्षको तुलनामा ८.६ प्रतिशतले वृद्धि भएको छ भने लगानी रकममा २८.९ प्रतिशतले गिरावट आएको छ । समीक्षा वर्षमा सबैभन्दा बढी चीनबाट ७७, भारतबाट २४, संयुक्त राज्य अमेरिकाबाट २४, दक्षिण कोरियाबाट २१ र बाँकी अन्य देशहरुबाट गरी कुल २२७ परियोजनालाई स्वीकृति प्रदान गरिएको छ, जसबाट कुल ९०५० जनाले प्रत्यक्ष रोजगारी पाउने अनुमान गरिएको छ ।

## वैदेशिक रोजगार

१२. नेपाल सरकार, वैदेशिक रोजगार विभागले आर्थिक वर्ष २०६८/६९ मा कुल ३ लाख ८४ हजार ६६५ जनालाई वैदेशिक रोजगारीको लागि अन्तिम स्वीकृति प्रदान गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा ८.४ प्रतिशतले बढी हो । अघिल्लो वर्ष विभागले कुल ३ लाख ५४ हजार ७१६ जनालाई यस्तो स्वीकृति प्रदान गरेको थियो ।

१३. विगतमा जस्तै आर्थिक वर्ष २०६८/६९ मा पनि नेपाली श्रमिकहरुका प्रमुख गन्तव्य मुलुकहरुमा मलेशिया र खाडी मुलुकहरु नै रहेका छन् । समीक्षा वर्षमा कुल श्रमिकहरुमध्ये २७.५ प्रतिशतले कतार, २५.६ प्रतिशतले मलेशिया, २०.९ प्रतिशतले साउदी अरब, १४.२ प्रतिशतले यू.ए.ई. तथा ६.४ प्रतिशतले कुवेत र बाँकी ५.५ प्रतिशतले अन्य मुलुकका लागि विभागबाट अन्तिम श्रम स्वीकृति लिएका छन् । अघिल्लो वर्ष वैदेशिक रोजगारमा जाने कुल श्रमिकहरुमध्ये २९.९ प्रतिशतले मलेशिया, २९.० प्रतिशतले कतार, २०.० प्रतिशतले साउदी अरब, १२.५ प्रतिशतले यू.ए.ई., ४.३ प्रतिशतले कुवेत र बाँकी ४.३ प्रतिशतले अन्य मुलुकका लागि अन्तिम श्रम स्वीकृति लिएका थिए । समीक्षा वर्षमा मलेशियाको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली श्रमिकहरुको संख्या अघिल्लो वर्षको तुलनामा ७.१ प्रतिशतले कमी आएको छ भने कतारको लागि श्रम स्वीकृति लिनेको संख्या २.६ प्रतिशतले वृद्धि भई नेपाली श्रमिकहरुको प्रमुख गन्तव्य मुलुकहरुमध्ये कतार अग्रस्थानमा रहन पुगेको छ ।

तालिका: २

**वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति लिने कामदारहरुको संख्या**


| गन्तव्य मुलुक | श्रम स्वीकृति लिनेको कुल संख्या | | | प्रतिशत परिवर्तन | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६७/६८ | २०६८/६९ | २०६८/६९ |
| कतार | ५५,९४० | १०२,९६६ | १०५६८१ | ८४.०७ | २.६४ | २७.४७ |
| मलेशिया | ११३,९८२ | १०५,९०६ | ९८३६७ | -७.०९ | -७.१२ | २५.५७ |
| साउदी अरब | ६३,४०० | ७१,११६ | ८०४५५ | १२.१७ | १३.१३ | २०.९२ |
| यू.ए.ई. | ३३,१८८ | ४४,४६४ | ५४४८२ | ३३.९८ | २२.५३ | १४.१६ |
| कुवेत | ८,२५५ | १५,१८७ | २४५७५ | ८३.९७ | ६१.८२ | ६.३९ |
| अन्य | १९,३२९ | १५,०७७ | २११०५ | -२२.०० | ३९.९८ | ५.४९ |
| **कुल** | **२,९४,०९४** | **३,५४,७१६** | **३,८४,६६५** | **२०.६१** | **८.४४** | **१००.००** |

*स्रोत : वैदेशिक रोजगार विभाग, नेपाल सरकार ।*

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१४. आर्थिक वर्ष २०६८/६९ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ८.३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६७/६८ मा यस्तो मुद्रास्फीति ९.६ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ७.७ प्रतिशतको दरले वृद्धि भएको र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ९.० प्रतिशतले वृद्धि भएकोले समग्रमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति अघिल्लो आर्थिक वर्षको तुलनामा केही कम रहन गएको हो । अघिल्लो आर्थिक वर्षमा यी समूहहरुको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर क्रमशः १४.७ प्रतिशत र ५.४ प्रतिशत रहेको थियो ।




१५. समीक्षा वर्षमा खाद्य तथा पेयपदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारीको वार्षिक औसत मूल्यवृद्धि सबैभन्दा बढी २४.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा पनि यस उप-समूहको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धि ३५.० प्रतिशत रहेको थियो । यसैगरी, समीक्षा वर्षमा फलफूल, घिउ तथा तेल र दूध तथा अण्डाको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धि क्रमशः १६.९ प्रतिशत, १४.४ प्रतिशत र १३.६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो वृद्धिदर क्रमशः १९.४ प्रतिशत, २.५ प्रतिशत र १४.६ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष १५.५ प्रतिशतले वृद्धि भएको रेष्टुरेन्ट तथा होटेलको बार्षिक औसत मूल्य सूचकाङ्कमा समीक्षा वर्षमा ११.९ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, समीक्षा वर्षमा सूर्तिजन्य पदार्थ र चिनी तथा मिठाईको बार्षिक औसत मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १०.८ प्रतिशत र ९.२ प्रतिशत रहेको छ । यी उप-समूहको मूल्य सूचकाङ्क अघिल्लो वर्षमा क्रमशः १३.५ प्रतिशत र १९.५ प्रतिशतले वृद्धि भएको थियो । तर, आर्थिक वर्ष २०६७/६८ मा २३.२


प्रतिशतले वृद्धि भएको मसलाजन्य वस्तुहरुको मूल्य सूचकाङ्कमा भने समीक्षा वर्षमा ९.१ प्रतिशतले ह्रास भएको छ ।

१६. समीक्षा वर्षमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात र लत्ताकपडा तथा जुत्ताचप्पलको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः १५.६ प्रतिशत र १४.८ प्रतिशतले वृद्धि भएको छ । उक्त वृद्धिदर अघिल्लो वर्ष क्रमशः १०.१ प्रतिशत र १३.३ प्रतिशत रहेको थियो । त्यस्तै, समीक्षा वर्षमा फर्निसिङ्ग तथा घरायसी उपकरण र शिक्षा समूहको मूल्य सूचकाङ्कमा क्रमशः १३.४ प्रतिशत र ९.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ५.७ प्रतिशत र ५.५ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष १०.६ प्रतिशतले ह्रास भएको सञ्चार क्षेत्रको बार्षिक औसत मूल्य सूचकाङ्कमा समीक्षा वर्षमा पनि पुनः ८.२ प्रतिशतले ह्रास आएको छ ।

१७. समीक्षा वर्षमा पहाड, तराई र काठमाण्डौ उपत्यकाको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः ९.७ प्रतिशत, ८.१ प्रतिशत र ७.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः १०.६ प्रतिशत, ७.२ प्रतिशत र १२.१ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

१८. आर्थिक वर्ष २०६८/६९ मा वार्षिक औसत राष्ट्रिय थोक मूल्य सूचकाङ्क ६.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ९.९ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत आयातीत वस्तुहरु, स्वदेशी उत्पादित वस्तुहरु र कृषिजन्य वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः १२.१ प्रतिशत, ९.६ प्रतिशत र २.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः ८.५ प्रतिशत, ९.१ प्रतिशत र १०.८ प्रतिशत रहेको थियो ।




१९. कृषिजन्य वस्तु अन्तर्गत अघिल्लो वर्ष १०.९ प्रतिशतले ह्रास भएको नगदेवालीको वार्षिक औसत मूल्य सूचकाङ्कको वृद्धिदर समीक्षा वर्षमा १४.० प्रतिशत रहेको छ । फलफूल तथा तरकारी र पशु-पंक्षीको थोक सूचकाङ्कको वृद्धिदर समीक्षा वर्षमा ११.५ प्रतिशत र ३.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः २३.६ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो ।

२०. समीक्षा वर्षमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सूर्तिजन्य वस्तु र खाद्यजन्य वस्तुको वार्षिक औसत मूल्य सूचकाङ्कमा क्रमशः ११.६ प्रतिशत र १०.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त सूचकाङ्कहरुमा क्रमशः १४.३ प्रतिशत र ५.७ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्ष निर्माण सामाग्रीको वार्षिक औसत मूल्य सूचकाङ्कमा ५.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा ५.३ प्रतिशतले वृद्धि भएको छ ।

२१. समीक्षा वर्षमा आयातीत समूहतर्फ कपडाजन्य उत्पादन, पेट्रोलियम पदार्थ तथा कोइला र इलेक्ट्रिक तथा इलेक्ट्रोनिक समानहरुको वार्षिक औसत मूल्य सूचकाङ्कमा क्रमशः २३.३ प्रतिशत, २१.२ प्रतिशत र ११.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी समूहहरुमा क्रमशः ५.४ प्रतिशत, १५.८ प्रतिशत र ३.० प्रतिशतले वृद्धि भएको थियो ।


### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२२. आर्थिक वर्ष २०६८/६९ मा वार्षिक औसत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क २७.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १८.० प्रतिशत मात्र रहेको थियो । समीक्षा वर्षमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलव सूचकाङ्क १९.३ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्कको वार्षिक औसत वृद्धिदर २९.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष तलव सूचकाङ्कमा कुनै वृद्धि भएको थिएन भने ज्यालादर सूचकाङ्कको वृद्धिदर २४.० प्रतिशत रहेको थियो । समीक्षा वर्षमा तलव सूचकाङ्क तर्फ सबैभन्दा बढी बैंक तथा वित्तीय संस्था तर्फ ४२.४ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, सरकारी संस्थान, र सैनिक तथा प्रहरी तर्फ क्रमशः २७.१ प्रतिशत र २६.५ प्रतिशतले वृद्धि भएको छ। तलव सूचकाङ्क अन्तर्गत अन्य क्षेत्रहरु शिक्षा, सरकारी सेवा र निजी संस्थाहरु तर्फ क्रमशः १९.१ प्रतिशत, १८.७ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा निर्माण मजदूरहरुको ज्यालादर सूचकाङ्कको बार्षिक वृद्धिदर ३१.८ प्रतिशत रहेको छ भने औद्योगिक मजदूर र कृषि मजदूरको ज्यालादर सूचकाङ्कमा क्रमशः २९.८ प्रतिशत र २९.१ प्रतिशतले वृद्धि भएको छ ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

२३. अघिल्लो वर्ष ५.८ प्रतिशतले बढेको कुल वस्तु निर्यात समीक्षा वर्ष १५.४ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्ष रु. ६४ अर्ब ३४ करोडको वस्तु निर्यात भएको थियो ।




२४. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा वर्षमा १४.४ प्रतिशतले बढेको छ । यस्तो निर्यात अघिल्लो वर्ष ८.४ प्रतिशतले बढेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ०.७ प्रतिशतको सीमान्त दरले बढेकोमा समीक्षा वर्षमा १७.५ प्रतिशतले बढेको छ। अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्ष ४.१ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ५.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३० करोड ५१ लाख पुगेको छ। भारततर्फ मुख्यतया: लत्ताकपडा, अलैंची, पोलिस्टर धागो, तामाको तार र जी. आई. पाइप लगायतको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो। त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक, छाला र नेपाली कागज र सोबाट बनेका सामान लगायतको निर्यातमा वृद्धि भएको छ।

२५. समीक्षा वर्षमा कुल वस्तु आयात १६.५ प्रतिशतले बढेर रु. ४६१ अर्ब ६७ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात ५.८ प्रतिशतले वृद्धि भई रु. ३९६ अर्ब १८ करोड पुगेको थियो। सुन तथा पेट्रोलियम पद्धार्थको आयात उच्च दरले बढेको कारण समग्र आयातको वृद्धिदर उच्च रहन गएको हो।

२६. कुल वस्तु आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २०.६ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १४.३ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष १४.६

प्रतिशतले घटेको विपरीत समीक्षा वर्षमा २०.९ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्ष ११.७ प्रतिशत ह्रासको विपरीत समीक्षा वर्षमा ७.९ प्रतिशतले बढेर अमेरिकी डलर २ अर्ब ७६ लाख पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, कोइला, चामल, एम.एस. वायर (रड, क्वाइल र बार समेत) तथा रासायनिक मल लगायतको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, भटमासको कच्चा तेल, खाने तेल, पोलिथिन ग्रानुयल र विजुलीका सामान लगायतको आयातमा वृद्धि भएको छ ।

२७. निर्यातको तुलनामा आयातको आधार तथा वृद्धिदर पनि उच्च रहेको कारण अघिल्लो वर्ष ५.८ प्रतिशतले  बढेको व्यापार घाटा समीक्षा वर्षमा १६.७ प्रतिशतको उच्च दरले बढन गई रु. ३८७ अर्ब ४१ करोड पुगेको छ । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा समीक्षा वर्षमा १४.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारतसँगको यस्तो घाटा २३.४ प्रतिशतले बढेको थियो । त्यस्तै, अघिल्लो वर्ष १७.० प्रतिशतले घटेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा वर्षमा २१.५ प्रतिशतले बढेको छ ।


२८. आर्थिक वर्ष २०६८/६९ मा निर्यात-आयात अनुपातमा सीमान्त ह्रास भई १६.१ प्रतिशतमा झरेको छ । अघिल्लो वर्ष यस्तो अनुपात १६.२ प्रतिशत रहेको थियो । व्यापार विविधिकरणतर्फ कुल व्यापारमा भारतसँगको अंश अघिल्लो वर्ष ६६.३ प्रतिशत रहेकोमा समीक्षा वर्षमा यस्तो अंश ६५.१ प्रतिशत रहेको छ ।

## शोधनान्तर स्थिति

२९. आर्थिक वर्ष २०६८/६९ मा समग्र शोधनान्तर स्थिति हालसम्मकै उच्च रु. १२७ अर्ब ७० करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष रु. २ अर्ब १८ करोडले मात्र शोधनान्तर बचतमा रहेको थियो । आर्थिक वर्ष २०६८/६९ मा चालू खाता रु. ७५ अर्ब ९८ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष चालू खाता रु. १२ अर्ब ९४ करोडले घाटामा रहेको थियो । खासगरी विप्रेषण आयमा भएको उल्लेख्य वृद्धि एवम् सेवा खातामा भएको उल्लेख्य सुधारका कारण चालू खातामा उत्साहजनक वचत भएको हो । अमेरिकी डलरमा समीक्षा वर्षमा शोधनान्तर बचत १ अर्ब ५७ करोड २७ लाख डलर पुगेको छ भने चालू खाता बचत ९० करोड ९० लाख डलर पुगेको  छ । अघिल्लो वर्ष शोधनान्तर बचत ३ करोड ४७ लाख अमेरिकी डलर तथा चालू खाता घाटा १७ करोड ७० लाख अमेरिकी डलर रहेको थियो ।

३०. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ५.३ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १६.७ प्रतिशतले वृद्धि भई रु. ३७३ अर्ब १४ करोड पुगेको छ । विगत केही वर्षदेखि घाटामा रहेको खुद सेवा आय समीक्षा वर्षमा रु. १४ अर्ब ६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष खुद सेवा खाता घाटा रु. ८ अर्ब ६७ करोड रहेको थियो । सेवा अन्तर्गत अघिल्लो वर्ष पर्यटन आय १२.५ प्रतिशतले ह्रास भएकोमा समीक्षा वर्षमा २४.८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको ८.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा ३७.३ प्रतिशतले वृद्धि भई रु. ४२२ अर्ब ७७ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको ९.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा ४१.८ प्रतिशतले वृद्धि भई रु. ३५९ अर्ब ५५ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको जेठ महिनाको तुलनामा असार महिनामा विप्रेषण आप्रवाह २.१ प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्ष १२.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा २५.८ प्रतिशतले वृद्धि भई ४ अर्ब ४१ करोड ३८ लाख अमेरिकी डलर पुगेको छ । त्यसैगरी, समीक्षा वर्षमा वित्तीय खाता अन्तर्गत रु. ९ अर्ब २० करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्ष यस्तो लगानी वापत रु. ६ अर्ब ४४ करोड प्राप्त भएको थियो ।

### विदेशी विनिमय सञ्चिति



चार्ट ६: कूल विदेशी विनिमय सञ्चिति (असार मसान्त)

३१. २०६९ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६८ असार मसान्तको रु. २७२ अर्ब १५ करोडको तुलनामा ६१.५ प्रतिशतले वृद्धि भई रु. ४३९ अर्ब ४६ करोड पुगेको छ । २०६८ असार मसान्तमा यस्तो सञ्चिति २०६७ असार मसान्तको तुलनामा १.२ प्रतिशतले बढेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६८ असार मसान्तको रु. २१३ अर्ब १० करोडको तुलनामा २०६९ असार मसान्तमा ७६.२ प्रतिशतले वृद्धि भई रु. ३७५ अर्ब ५२ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रमा रहेको परिवर्त्य विदेशी मुद्रा सञ्चिति २०६८ असारदेखि २०६९ असार मसान्तसम्ममा २४.४ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्ब ८७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो सञ्चिति ३.३ प्रतिशतले बढेको थियो । त्यसैगरी, २०६८/६९ मा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ८८.० प्रतिशतले वृद्धि भई भा. रु. ६० अर्ब ३९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो सञ्चिति १५.० प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६८/६९ को आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.६ महिनाको वस्तु आयात र १०.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६८ असार मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११८.०६ रहेकोमा २०६९ असार मसान्तमा १३.५ प्रतिशतले ह्रास भई प्रति व्यारल अमेरिकी डलर १०२.१० पुगेको छ । सुनको मूल्य भने २०६८ असार मसान्तको तुलनामा २०६९ असार मसान्तमा ०.२ प्रतिशतको सीमान्त दरले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १५८९.७५ पुगेको छ ।

३३. २०६८ असार मसान्तको तुलनामा २०६९ असार मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १९.९ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.९ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६९ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ८८.६० पुगेको छ । २०६८ असार मसान्तमा उक्त विनिमय दर रु. ७०.९५ रहेको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

३४. आर्थिक वर्ष २०६८/६९ मा नगद प्रवाहमा आधारित बजेट घाटा अघिल्लो वर्षको तुलनामा ८२.३ प्रतिशतले कमी आई रु. ८ अर्ब ९५ करोड पुगेको छ । आर्थिक वर्ष २०६७/६८ मा यस्तो बजेट घाटा रु. ५० अर्ब ५१ करोड रहेको थियो । आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ्य उत्पादनसँग नगद

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६५ वटा मध्ये ६४ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४३ वटा मध्ये ३६ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

प्रवाहमा आधारित बजेट घाटाको अनुपात ०.६ प्रतिशत रह्यो भने आर्थिक वर्ष २०६७/६८ मा सो अनुपात ३.७ प्रतिशत रहेको थियो ।


## बजेट घाटा पूर्तिका स्रोतहरु

३५. आर्थिक वर्ष २०६८/६९ मा बजेट घाटा पूर्तिका उपायको रूपमा कुल आन्तरिक ऋण रु. ३६ अर्ब ४१ करोड परिचालन भएको छ । कुल गार्हस्थ्य उत्पादनसँग आन्तरिक ऋणको अनुपात २.३ प्रतिशत रहेको छ ।

३६. समीक्षा वर्षमा रु. ६ अर्ब ६३ करोड आन्तरिक ऋणको भुक्तानी भएको र नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु. ११ अर्ब १ करोड नगद मौज्दात रहेको (आर्थिक वर्ष २०६७/६८ मा उपयोग भएको अधिविकर्ष रु. २० अर्ब ७६ करोड समायोजन गरेपछि) कारण नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन रु. १८ अर्ब ६८ करोड रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको १.२० प्रतिशत रहेको छ ।

३७. आर्थिक वर्ष २०६८/६९ को असारमसान्तसम्ममा नेपाल सरकारको आन्तरिक ऋण रु. २०९ अर्ब १२ करोड रहेकोमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात रु. ११ अर्ब १ करोड समेत समायोजन गर्दा २०६९ असारमसान्तसम्ममा कुल आन्तरिक ऋण रु. १९८ अर्ब ११ करोड रहेको छ ।

## सरकारी राजस्व र वैदेशिक नगद अनुदान




३८. आर्थिक वर्ष २०६८/६९ मा नेपाल सरकारको राजस्व २२.२ प्रतिशतले वृद्धि भई रु. २४४ अर्ब १५ करोड पुगेको छ। उक्त राजस्व बजेटको वार्षिक लक्ष्य रु. २४१ अर्ब ७७ करोडको १००.९८ प्रतिशत हो । अघिल्लो वर्ष नेपाल सरकारको राजस्व ११.० प्रतिशतले वृद्धि भई रु. १९९ अर्ब ८२ करोड पुगेको थियो । समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात १५.७ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६७/६८ मा यस्तो अनुपात १४.६ प्रतिशत रहेको थियो । समयमा नै बजेट कार्यान्वयनमा आएकोले आर्थिक क्रियाकलापहरुमा विस्तार भएको साथै "कर कार्यान्वयन अभियान वर्ष २०६८/६९" को सफल कार्यान्वयनको प्रभाव, स्थायी लेखा नम्बर लिनेको सँख्यामा वृद्धि, आयात वृद्धि, कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको समग्र सुधारका कारण राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको हो ।

३९. राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर समीक्षा वर्षमा १७.१ प्रतिशतले वृद्धि भई रु. ७२ अर्ब १९ करोड परिचालन भएको छ । अघिल्लो वर्ष सो राजस्वमा १५.३ प्रतिशतले वृद्धि भएको थियो । आयातमा भएको वृद्धि, नक्कली भ्याट विल कारोबारमा भएको कारवाहीको प्रभाव र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारका कारण समीक्षा वर्षमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार आएको हो ।

४०. समीक्षा वर्षमा भन्सार महसूलबाट प्राप्त हुने राजस्व २१.७ प्रतिशतले वृद्धि भई रु. ४३ अर्ब ४१ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व १.८ प्रतिशतले मात्र वृद्धि भएको थियो। अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा कुल आयातमा भएको वृद्धि, कृषि सुधार शुल्कमा भएको वृद्धि, अमेरिकी

डलरको विनिमय दरमा भएको वृद्धि र भारतीय अन्तःशुल्क फिर्तामा भएको वृद्धिका कारण भन्सार राजस्वमा वृद्धि भएको हो ।

४१. समीक्षा वर्षमा आयकर २५.५ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर २३.९ प्रतिशतले वृद्धि भएको थियो । "कर कार्यान्वयन अभियान वर्ष" को सकारात्मक प्रभाव र करदाता शिक्षामा जोड दिएको कारण आयकर राजस्वमा वृद्धि भएको हो ।

४२. आर्थिक वर्ष २०६८/६९ मा अन्तःशुल्क परिचालनमा १५.२ प्रतिशतले वृद्धि भई रु. ३० अर्ब ४१ करोड पुगेको छ । अघिल्लो वर्ष अन्तःशुल्क ८.५ प्रतिशतले वृद्धि भएको थियो । कर प्रशासनमा गरिएको सुधार तथा चुहावट नियन्त्रणमा गरिएको कडाईका कारण अन्तःशुल्क राजस्वमा वृद्धि भएको हो ।


४३. समीक्षा वर्षमा कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको अँश सवैभन्दा वढी अर्थात २९.६ प्रतिशत रहेको छ । त्यसपछि क्रमशः आयकर (२१.४ प्रतिशत), भन्सार (१७.८ प्रतिशत) र अन्तःशुल्क (१२.५ प्रतिशत) को अंश रहेको छ । अघिल्लो वर्ष मूल्य अभिवृद्धि करको अँश ३०.९ प्रतिशत, त्यसपछि क्रमशः आयकर (२०.९ प्रतिशत), भन्सार (१७.८ प्रतिशत) र अन्तःशुल्क (१३.२ प्रतिशत) को अंश रहेको थियो ।

४४. समीक्षा वर्षमा गैर-कर राजस्व परिचालनमा ३४.४ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ६२ करोड पुगेको छ । अघिल्लो वर्ष गैर-कर राजस्वमा १०.८ प्रतिशतले वृद्धि भएको थियो । गैर-कर राजस्व असुलीमा अर्थ मन्त्रालयबाट विशेष जोड दिइएकोले यसको सकारात्मक प्रभाव स्वरुप गैर-कर राजस्वमा वृद्धि भएको हो । सार्वजनिक संस्थानबाट प्राप्त हुने लाभाशं, रोयाल्टी, वस्तु तथा सेवाको विक्रीवाट प्राप्त आय, राहदानी तथा भिसा शुल्क आदि जस्ता उप-शीर्षकहरुको योगदानका कारण गैर-कर राजस्वमा वृद्धि भएको हो ।

४५. आर्थिक वर्ष २०६८/६९ मा नगद प्रवाहमा आधारित वैदेशिक अनुदान रु. ४६ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो वैदेशिक अनुदान रु. २६ अर्ब २१ करोड पुगेको थियो ।

## सरकारी खर्च

४६. आर्थिक वर्ष २०६८/६९ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ११.९ प्रतिशतले वृद्धि भई २०६९ असारमसान्तसम्ममा रु. ३१० अर्ब ७५ करोड पुगेको छ । अघिल्लो वर्ष कुल सरकारी खर्च १०.७ प्रतिशतले वृद्धि भई रु. २७७ अर्ब ६२ करोड पुगेको थियो । अघिल्लो वर्षको वार्षिक बजेट आर्थिक वर्ष शुरू भएको पाँचौ महिनामा मात्र सार्वजनिक भई कार्यान्वयनमा आएकोमा समीक्षा वर्षमा समयमै बजेट सार्वजनिक भई कार्यान्वयनमा आएकोले कुल सरकारी खर्चको वृद्धिदर बढ्न गएको हो ।





४७. आर्थिक वर्ष २०६८/६९ मा नेपाल सरकारको नगद प्रवाहमा आधारित चालू खर्च रु. २३१ अर्ब ७९ करोड पुगेको छ । चालू खर्च वजेट अनुमानको ८६.९ प्रतिशत भएको छ । त्यस्तै समीक्षा वर्षमा,

पूँजीगत खर्च रु. ४० अर्ब ८३ करोड पुगेको छ। पूँजीगत खर्च वजेट अनुमानको ५६.२ प्रतिशत भएको छ।

## मौद्रिक स्थिति*

### मुद्राप्रदाय

४८. आर्थिक वर्ष २०६८/६९ मा विस्तृत मुद्राप्रदाय २२.७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १२.३ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हुँदा विस्तृत मुद्रा प्रदाय उच्च दरले बढेको हो। त्यसैगरी, संकुचित मुद्रा प्रदाय अघिल्लो वर्ष ५.२ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा १८.५ प्रतिशतले बढेको छ।




४९. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १२७ अर्ब ७० करोड (५९.१ प्रतिशत) ले वढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रु. २ अर्ब १८ करोड (१.० प्रतिशत) ले मात्र बढेको थियो। समीक्षा वर्षमा निर्यातमा सुधार आउनुका साथै विप्रेषण आप्रवाह उल्लेख्यरुपमा बढेको तथा खुद सेवा आयमा समेत सुधार भई चालू खाता सन्तुलन धनात्मक भएको र पूँजीगत खातामा समेत सुधार देखिएकोले भुक्तानी सन्तुलन सुदृढ भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हो।

### कुल आन्तरिक कर्जा

५०. आर्थिक वर्ष २०६८/६९ मा कुल आन्तरिक कर्जा ८.० प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा १४.६ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा सरकारको साधन परिचालनको तुलनामा खर्च कम भई यस बैंकमा उल्लेख्य रुपमा बचत कायम रहेको र निजी क्षेत्र तर्फको दावी पनि अपेक्षित रुपमा बढ्न नसकेकोले कुल आन्तरिक कर्जाको विस्तार कम भएको हो। समीक्षा वर्षमा निजी क्षेत्रतर्फको कर्जा ११.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष सो कर्जा १३.९ प्रतिशतले विस्तार भएको थियो। अनुत्पादक क्षेत्रतर्फको कर्जा विस्तारलाई नियन्त्रण गर्न अबलम्बन गरिएको क्षेत्रगत कर्जा सीमा लगायतका नीतिगत प्रयास र कर्जा निक्षेप अनुपात उच्च रहेका वित्तीय संस्थाहरुले सो अनुपात निर्धारित दायरामा ल्याउन कर्जा प्रवाह कम गरेको कारण निजी क्षेत्रको कर्जा विस्तारमा कमी आएको हो।

### सञ्चित मुद्रा


५१. आर्थिक वर्ष २०६८/६९ मा सञ्चित मुद्रा ३६.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो मुद्रा ७.२ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा नेपाल राष्ट्र बैंकको सरकार र बैंक तथा वित्तीय संस्थाहरु

* विगतमा मौद्रिक सर्भेक्षणमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुको वासलातलाई मात्र समावेश गर्ने गरिएकोमा आर्थिक वर्ष २०६८/६९ को चार महिनादेखि मौद्रिक सर्वेक्षणको दायरामा विकास बैंक तथा वित्त कम्पनीहरुलाई समेत समावेश गरी विस्तृत मौद्रिक सर्वेक्षण प्रकाशनमा ल्याइएको छ। प्रस्तुत मौद्रिक विवरणहरु यसैमा आधारित रहेका छन्।

माथिको दावी घटे पनि खुद बैदेशिक सम्पत्ति उल्लेख्य रुपमा बढेकोले सञ्चित मुद्राको विस्तार उच्च रहन गएको हो ।

## बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालनको स्थिति

५२. आर्थिक वर्ष २०६८/६९ मा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन २२.९ प्रतिशत (रु. १८८ अर्व ५९ करोड) ले बढेको छ । अघिल्लो वर्ष निक्षेप परिचालन १२.९ प्रतिशत (रु. ९४ अर्व १३ करोड) ले मात्र बढेको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा आर्थिक गतिविधिमा विस्तार आउनुका साथै विप्रेषण आय र निर्यात समेत उच्च दरले बढेको कारण बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालनमा सकारात्मक असर देखिएको हो । समीक्षा वर्षमा बाणिज्य बैंकहरुको निक्षेप परिचालन २६.७ प्रतिशतले र विकास बैंकहरुको ३४.० प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको निक्षेप परिचालन ७.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालनको वृद्धिदर क्रमश: ९.६ प्रतिशत, २५.० प्रतिशत र ८.१ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा ३ वित्त कम्पनीहरु बाणिज्य बैंक संग र ५ वित्त कम्पनीहरु विकास बैंकसंग गाभिएकोले वित्त कम्पनीहरुको संख्या घटेको कारण यी कम्पनीहरुको निक्षेप परिचालन कम रहन गएको छ भने यसको असर स्वरुप विकास बैंकहरुको र वाणिज्य बैंकहरुको निक्षेप बृद्धिदर उच्च रहनमा पनि सहयोग पुगेको छ ।




## बैंक तथा वित्तीय संस्थाहरूको कर्जा प्रवाहको स्थिति

५३. आर्थिक वर्ष २०६८/६९ मा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १३.२ प्रतिशत (रु. ११२ अर्ब ७८ करोड) ले बढेको छ । अघिल्लो वर्ष कर्जा तथा लगानी १५.१ प्रतिशत (रु. १११ अर्ब ९१ करोड) ले बढेको थियो । समीक्षा वर्षमा बाणिज्य बैंक र विकास बैंकहरुको कर्जा तथा लगानी क्रमश: १७.० प्रतिशत र २३.६ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको कर्जा तथा लगानी १०.६ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १२.२ प्रतिशत (रु. ८४ अर्ब ८६ करोड) ले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १४.४ प्रतिशत (रु. ८७ अर्ब ५० करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये बाणिज्य बैंक र विकास बैंकहरुको कर्जा प्रवाह क्रमश: १७.८ प्रतिशत र १२.४ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको २२.३ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा केही वित्त कम्पनीहरु वाणिज्य बैंक तथा विकास बैंकसंग गाभिएको कारण वित्त कम्पनीहरुको संख्या नै घट्न गई उनीहरुको कर्जा तथा लगानी कम देखिएको हो ।

५४. समीक्षा वर्षमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २८ अर्ब ७९ करोडले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा रु. २० अर्ब ४७ करोडले मात्र बढेको थियो । त्यसैगरी, अघिल्लो वर्ष कृषि क्षेत्रतर्फको कर्जा रु. ९ करोड ९३ लाखले घटेकोमा समीक्षा वर्षमा रु. ९ अर्ब २२ करोडले बढेको छ । समीक्षा वर्षमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ९ अर्ब ७२ करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २० अर्ब ४ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ५ अर्ब ३६ करोडले बढेको छ ।

### तरलता व्यवस्थापन

५५. आर्थिक वर्ष २०६८/६९ मा खुला बजार कारोबार अन्तर्गत रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख तरलता प्रवाह भएको छ भने सोझै बिक्री बोलकबोल मार्फत रु. ८ अर्ब ४० करोडको तरलता प्रशोचन भई खुद रु. ७ अर्ब ६५ करोड ६३ लाख तरलता प्रशोचन भएको छ । अघिल्लो वर्ष रिपो बोलकबोलबाट रु. ९२ अर्ब ३९ करोड तरलता प्रवाह भएको थियो भने बिक्री बोलकबोलबाट रु. २ अर्ब र रिभर्स रिपो बोलकबोलबाट रु. १९ अर्बको तरलता प्रशोचन भई खुद रु. ७१ अर्ब ३९ करोडको तरलता प्रवाह भएको थियो ।

५६. आर्थिक वर्ष २०६८/६९ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ३ अर्ब १९ करोड खुद खरिद गरी रु. २५८ अर्ब २८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ४२ करोड खुद खरिद गरी रु. १७४ अर्ब ३० करोड खुद तरलता प्रवाह गरेको थियो ।

५७. समीक्षा वर्षमा अमेरिकी डलर २ अर्ब ६६ करोड बिक्री गरी रु. २१३ अर्ब ९५ करोड बरावरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर २ अर्ब ७४ करोड बिक्री गरी रु. १९८ अर्ब १५ करोड बरावरको भा.रु. खरिद भएको थियो । समीक्षा वर्षमा पेट्रोलियम पदार्थको आयात उच्च रहन गई भारतसंगको व्यापार घाटा वढ्न गएकोले भा.रु. खरिद बढन गएको भए पनि अमेरिकी डलरसंग भारतीय रुपैयाँ अवमूल्यन भएकोले उल्लेखित भा. रु. अघिल्लो वर्ष भन्दा कम परिमाणको अमेरिकी डलरबाट खरिद भएको छ ।

### अन्तर-बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग

५८. आर्थिक वर्ष २०६८/६९ मा वाणिज्य बैंकहरूले कुल रु. २१२ अर्ब ७७ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्ष कुल रु. ३९७ अर्ब ५६ करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो । समीक्षा वर्षमा कुल रु. ५ अर्ब ५७ करोडको स्थायी तरलता सुविधाको उपयोग भएकोमा २०६९ असार मसान्तमा सबै रकम चुक्ता भएको छ । अघिल्लो वर्ष कुल रु. २१६ अर्व ६७ करोड स्थायी तरलता सुविधा उपयोग भएको थियो ।


### अल्पकालीन व्याजदर

५९. आर्थिक वर्ष २०६८/६९ मा अल्पकालीन व्याजदरहरुमा अघिल्लो वर्षको तुलनामा उल्लेख्य कमी आएको छ । सो अनूसार ९१-दिने ट्रेजरी विलको भारित औसत व्याजदर अघिल्लो वर्ष ७.४१ प्रतिशत रहेकोमा समीक्षा वर्षमा १.३१ प्रतिशत रह्यो । त्यसैगरी, अन्तर-बैंक कारोवारको भारित औसत व्याजदर अघिल्लो वर्ष ८.४४ प्रतिशत रहेको तुलनामा समीक्षा वर्षमा १.२८ प्रतिशत रहेको छ ।


## धितोपत्र बजार

६०. आर्थिक वर्ष २०६८/६९ मा धितोपत्र बजारमा केहि सुधारको संकेत देखिएको छ । नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ७.४ प्रतिशतले वृद्धि भई २०६९ असार मसान्तमा ३८९.७४ विन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा २४.० प्रतिशतले घटी २०६८ असार मसान्तमा ३६२.८५ विन्दु कायम भएको थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६९ असार मसान्तमा ९८.७७ रहेको छ । यो सूचकाङ्क २०६८ असार मसान्तमा ८९.४४ रहेको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवार

मूल्यलाई आधार वजार मूल्यको रुपमा लिई गणना गरिएको NEPSE Float Index मा भने समीक्षा वर्षमा ०.४ प्रतिशतले कमी आई २०६८ असार मसान्तको ३०.६७ बाट २०६९ असार मसान्तमा ३०.५६ कायम रहेको छ ।




६१. आर्थिक वर्ष २०६८/६९ मा धितोपत्र बजार कारोबार रकममा पनि उल्लेख्य वृद्धि भएको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा आर्थिक वर्ष २०६७/६८ मा रु. ६ अर्ब ६६ करोड बराबरको धितोपत्र कारोबार भएकोमा आर्थिक वर्ष २०६८/६९ मा यस्तो कारोबार रकममा ५४.२ प्रतिशतले वृद्धि भई रु. १० अर्ब २८ करोड बराबरको कारोबार भएको छ ।




६२. २०६९ असार मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १३.८ प्रतिशतले वृद्धि भई रु. ३६८ अर्ब २६ करोड पुगेको छ । परिणामस्वरुप २०६९ असार मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २३.६ प्रतिशत रहेको छ । २०६८ असार मसान्तमा यस्तो अनुपात २३.६ नै प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ६८.९ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.२ प्रतिशत, होटलहरुको १.८ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.३ प्रतिशत, जलविद्युतको ५.३ प्रतिशत र अन्यको २०.५ प्रतिशत अंश रहेबाट विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुको नै सबैभन्दा ठूलो हिस्सा रहिरहेको छ ।

६३. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धिदर १०.४ प्रतिशत रही २०६९ असार मसान्तमा रु. ११० अर्ब ६१ करोड पुगेको छ । आर्थिक वर्ष २०६८/६९ मा ११ वटा कम्पनीको रु. ३ अर्ब ५७ करोड ४५ लाख बरावरको साधारण शेयर, ६१ वटा कम्पनीको रु. ४ अर्ब २१ करोड ४२ लाख बराबरको बोनस शेयर र ३३ वटा कम्पनीको रु. २ अर्ब ३९ करोड ८६ लाख बराबरको हकप्रद शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यसैगरी समीक्षा वर्षमा रु. १५ अर्ब बराबरको सरकारी ऋणपत्र र ७० करोड बराबरको बाणिज्य बैंकहरुले जारी गरेको ऋणपत्र पनि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएको छ ।

६४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६९ असार मसान्तमा २१६ पुगेको छ । २०६८ असार मसान्तमा यो संख्या २०९ रहेको थियो । सूचीकृत कम्पनीहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता रहेको छ । हाल सूचीकृत कम्पनीहरुमध्ये १८४ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन ।

## बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति

६५. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०६८ असार मसान्तको २७२ बाट घटेर २०६९ असार मसान्तमा २६६ रहेको छ । समीक्षा वर्षमा १ वाणिज्य बैंक, १ विकास बैंक, ३ लघुवित्त विकास बैंक गरी जम्मा ५ वटा नयाँ संस्थाहरु संचालनमा आएका भएपनि २ वाणिज्य बैंकहरुसंग ३ वित्त कम्पनीहरु गाभिएको, ७ विकास बैंक र ५ वित्त कम्पनी गाभिएर ६ विकास बैंक कायम भएको तथा २ गैर-सरकारी संस्थाहरुको इजाजत पत्र खारेज गरिएकोले बैंक तथा वित्तीय संस्थाहरुको कुल संख्या घटन गएको हो । जस अनुसार २०६९ असार मसान्तमा वाणिज्य बैंकहरुको संख्या ३२ रहेको छ भने विकास बैंक, वित्त कम्पनी र लघु वित्त विकास बैंकहरुको संख्या क्रमशः ८८, ७० र २४ रहेको छ । त्यसैगरी, नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरुको संख्या १६ र गैर-सरकारी संस्थाहरुको संख्या ३६ रहेको छ ।

तालिकाः ३
बैंक तथा वित्तीय संस्थाहरुको संख्या

| बैंक तथा वित्तीय संस्थाहरु | २०६८ असार मसान्त | २०६९ असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | ३१ | ३२ |
| विकास बैंक | ८७ | ८८ |
| वित्त कम्पनी | ७९ | ७० |
| लघुवित्त विकास बैंक | २१ | २४ |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्था (सीमित बैंकिङ्ग कारोबार गर्ने) | १६ | १६ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर-सरकारी संस्था (लघुवित्त कारोवार गर्ने) | ३८ | ३६ |
| बीमा कम्पनी | २५ | २५ |